नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

# प्रेस विज्ञप्ति

मिति: २०८०/०२/०२

आज मिति २०८० जेष्ठ २ गते नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को ५ औं बैठक नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरे तथा जनगणतान्त्रिक बंगलादेश सरकारको विद्युत, उर्जा तथा खनिज मन्त्रालयका सचिव श्री मोहम्मद हबिबुर रहमानको सहअध्यक्षतामा बंगलादेशको पतुवाखलीमा सम्पन्न भयो। उक्त बैठकले जेष्ठ १ गते सम्पन्न भएको दुवै देशका सहसचिव सम्मिलित संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले गरेका सिफारिसहरुमा छलफल गर्यो। उक्त बैठकमा नेपाल-बंगलादेश बीचको अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी-३ जलविद्युत आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तर्देशीय विद्युत आयात-निर्यात गर्ने लगायतका विषयहरुमा छलफल भई देहाय बमोजिम सहमति भएको छः

१. नेपालमा उत्पादित ४० मे.वा. सम्म विद्युत बंगलादेशमा निर्यात गर्नका लागि नेपाल विद्युत प्राधिकरण, एन.टि.पी.सि विद्युत व्यापार निगम, भारत र बंगलादेश पावर डेभलपमेन्ट वोर्ड बीच विद्युत विक्री सम्झौता (Power Sales Agreement) मा यथाशीघ्र हस्ताक्षर गर्ने।
२. सुनकोशी-३ जलविद्युत आयोजनाको निर्माण र विकास गर्नको लागि नेपाल विद्युत प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट वोर्ड बीच ६ महिना भित्र संयुक्त उपक्रम (Joint Venture Agreement) मा हस्ताक्षर गर्ने।
३. नेपाल र बंगलादेशबीच विद्युत व्यापारका लागि अन्तरदेशीय प्रशारण लाइनका सम्भाव्य विकल्पहरुको अध्ययन गरी ६ महिना भित्र प्रतिवेदन पेश गर्न विद्युत प्रशारण लाइन सम्बन्धी संयुक्त प्राविधिक टोलीलाई निर्देशन दिने।
४. नेपालको जलविद्युत क्षेत्रमा लगानीको लागि बंगलादेशको निजीक्षेत्रलाई आकर्षित गर्न सहजीकरण गर्ने।
५. वैकल्पिक ऊर्जाको क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) र Sustainable and Renewable Energy Development Authority (SREDA), बंगलादेशबीच सहकार्यको लागि तयार गरिएको समझदारी पत्र (MoU) को मस्यौदामा आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी हस्ताक्षर गर्ने।
६. नेपाल, बंगलादेश र भारत बीच विद्युत व्यापार, अन्तरदेशीय प्रशारण लाइन निर्माण लगायतका विद्युत क्षेत्रमा सहकार्य गर्नका लागि उच्चस्तरीय त्रिपक्षीय प्रशासनिक संयन्त्र स्थापना गर्नको लागि दुवै पक्षबाट पहल गर्ने।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

साथै, छलफलको क्रममा माथिल्लो कर्णाली जलविद्युत आयोजनाको विद्युत बंगलादेशले खरिद गर्ने सम्बन्धमा बंगलादेश पावर डेभलपमेन्ट वोर्ड र GMR, India बीच हुने Power Sales Agreement (PSA) अन्तिम चरणमा पुगेको र यथाशिघ्र उक्त सम्झौतामा हस्ताक्षर हुने बारेमा बंगलादेश पक्षबाट जानकारी प्राप्त भयो ।

यसअघि मिति २०८० जेष्ठ १ गते नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री मधु प्रसाद भेटुवाल तथा बंगलादेशको तर्फवाट विद्युत, ऊर्जा तथा खनिज मन्त्रालयका सहसचिव डा. साइद मासुम अहमद चौधरीको सहअध्यक्षतामा बसेको नेपाल-बंगलादेशको संयुक्त कार्यदल (Joint Working Group, JGW) को ५ औ बैठकले अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी-३ जलविद्युत आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तर्देशीय विद्युत आयात-निर्यात गर्ने लगायतका विषयहरुमा आवश्यक छलफल गरी निर्णयका लागि ऊर्जा सचिवस्तरीय समिति (JSC) लाई सिफारिस गरेको थियो।

१० अगष्ट २०१८ मा ऊर्जा क्षेत्रमा सहकार्यका लागि सम्पन्न समझदारी (Memorandum of Understanding) को दफा ५ मा भएको व्यवस्था अनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस समबन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिवस्तरीय समिति (JSC) तथा सहसचिवस्तरीय कार्यदल (JWG) गठन गरिएको थियो।

मधु प्रसाद भेटुवाल
सहसचिव एवम् प्रवक्ता